# राष्ट्रिय भूमि आयोग जिल्ला समिति रामेछाप

## मन्थली

## भूमि आयोग सम्बन्धी कार्यविधिहरूको जानकारी राखौं !

### आयोगको कार्यसम्पादन सम्बन्धी चरणहरू

[भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थि बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ बाट] :

- आयोग र स्थानीय तहहरूबीच सहमतिपत्रमा हस्ताक्षर गर्ने [दफा ३],
- आयोगबाट राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रत्येक स्थानीय तहमा ३५ दिनको समय दिई सूचना प्रकाशन गर्ने[८],
- ३५ दिने सूचना स्थानीय तह र वडा कार्यालयहरूले कार्यालयको सूचना पाटी र सार्वजनिक स्थलहरूमा टाँस गर्नुपर्ने [८(३)],
- स्थानीय तहस्तरीय सहजीकरण समितिको गठन गर्ने [४(१)],
- वडास्तरीय सहजीकरण समितिको गठन गर्ने[४(२)],
- पहिचान, लगत संकलन कार्यका लागि सेवा केन्द्रको स्थापना गर्ने [५(१)],
- तथ्याङ्क संकलनको लागि सेवा केन्द्रले कार्ययोजना बनाउने [५(३)],
- स्थानीय तहले वडा अनुसारको प्रारम्भिक विवरण तयार गर्ने [६(१)],
- स्थानीय तहले पहिचान र प्रमाणिकरणको लागि आवश्यक पर्ने विवरण फाराम स्थलगत रूपमा भर्ने(भराउने व्यवस्था मिलाउने [७(१)],
- भूमिहिन दलित, भूमिहिन सुकुम्बासीका लागि अनुसूची-३[रातो फाराम] र अव्यवस्थित बसोबासीको लागि अनुसूची-४[सेतो फाराम] बमोजिमको निवेदन फाराम प्रयोग गर्ने [७(३)],
- सेवा केन्द्रले स्थलगत रूपमा भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई कार्यविधिमा रहेका विषयहरू जानकारी गराउने [७(३)],
- फिल्डमा खटिने तथ्याङ्क संकलक र प्राविधिक कर्मचारीलाई आवश्यकता अनुसार प्रशिक्षण दिने [१०],
- विवरण र तथ्याङ्क संकलन र प्रविष्टकर्ताहरूले वडा समिति र कार्यालयले तोकेको स्थानमा निवेदन भर्ने(भराउने र सूचना प्रकाशनका लागि वडा कार्यालयमा पठाउने [११(२)],
- प्राप्त निवेदनका सम्बन्धमा वडा कार्यालयले कार्यविधिमा उल्लेखित आधारमा छानविन र अध्ययन गर्ने र आवश्यक कारवाहीका लागि स्थानीय तह समक्ष पेश गर्ने ,
- निवेदकले पेश गरेको निवेदन सच्याउन माग गरे सो को अभिलेख राखी मनासिव देखिए सच्याउन सक्ने [१२(१)],
- कसैको दावी विरोध परे वडास्तरीय सहजिकरण समितिले जाँचबुझ र निर्णय गरी ७ दिन भित्र स्थानीय तहमा स्विकृतिका लागि पेश गर्ने [१२(१)],
- अव्यवस्थित वसोबासीको छुट्टै विवरण स्थानीय कार्यपालिकाले जिल्ला समिति समक्ष पेश गर्ने [१२(३)],
- माग दावी प्रमाणिकरण हुन नसकेका व्यक्तिहरूको नामावली स्थानीय तहको सूचना पाटीमा टाँस गर्ने ,
- जिल्ला समितिले स्थानीय तह र नापी कार्यालय सँगको समन्वयमा भूमिहिन सुकुम्बासीलाई वितरण तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्न योग्य जगाको चार किल्ला समेत उल्लेख गरी पहिचान र छनौट गरी यकिन गर्ने [१३(१)],
- नापी कार्यालयले आयोगले तय गरेको कार्ययोजनामा उल्लेख भए बमोजिम स्थनीय तहहरूको नाप नक्सा सम्बन्धी कार्यका लागि फिल्डमा खटिई नाप जाँच गर्ने तथा कार्यालयमा बसी नक्सा तयार गर्न टोली गठन गर्ने [१३(३)],
- नापी कार्यालयले नाप नक्सा कार्यमा सम्बन्धित स्थानीय तह सँग आवश्यक समन्वय गर्ने,
- टोलीले नाप नक्सा गर्ने क्षेत्रको निर्धारित ढाँचामा ७ दिनको सूचना प्रकाशित गर्ने [१३(४)],
- कार्यविधिमा उल्लेखित विधिहरू अवलम्बन गरी नापजाँच गर्ने [१५],

नेपाल सरकार
राष्ट्रिय भूमि आयोग
जिल्ला समिति रामेछाप
२०७८

- नाप नक्सा गर्ने प्राविधिकले नाप नक्सा गरी प्राप्त डाटा तथा सम्बन्धित भू-उपग्रह चित्र वा ड्रोन चित्रलाई नक्सा बनाउने प्रयोजनका लागि प्रणालीमा अपलोड गरी नक्सा निर्माण गर्ने [१७(१)],
- तयारी नक्सा र नाम समेतको आधारमा एक प्रतिवेदन तयार गरी निर्धारित ढाँचामा ७ दिने सूचना बमोजिम नापी टोली मार्फत सार्वजनिक गर्ने [१८(१)],
- सूचना प्रकाशन भएपछि कुनै निवेदकले टोलीमा सम्पर्क गरी जानकारी पाउने,
- ७ दिन भित्र परेका उजुरीका सम्बन्धमा छानविन गरी सुधार गरी प्रतिवेदन सार्वजनिक भएको मितिले ७ दिन भित्र अद्यावधिक प्रतिवेदन तयार गर्ने [१८(२)],
- स्थानीय कार्यपालिकाले उल्लेखित प्रतिवेदनका आधारमा जिल्ला समितिलाई जग्गा उपलब्ध गराउन सिफारिस गर्नुपर्ने, [१८(३)]
- नापी टोलीले नाप नक्साको प्रगति विवरण निर्धारित ढाँचा बमोजिम जिल्ला समितिमा पठाउनु पर्ने,

**जिल्ला समितिले गर्नुपर्ने कामहरू :**

**(भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थि बसोबासीलाई  जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ बाट)**

- कार्यपालिकाको निर्णयबाट प्रमाणिकरण भएका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको सिफारिस सहितको नामावली विवरण समेतका कागजात माग गर्नुपर्ने [३(१)],
- नापी टोलीबाट तयार भएका नापी नक्सा समेटेको विवरण माग गर्ने [३(२)],
- प्राप्त विवरण जाँचबुझ गर्नुपर्ने [४(१)],
- नामावली सहितको विवरण सूचना पाटीमा टाँस गर्ने,
- विवरणको आधारमा चारकिल्ला समेत उल्लेख गरी दावी विरोध तथा उजुर गर्नका लागि निर्धारित ढाँचामा ७ दिनको म्याद दिई स्थानीय दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्ने र जिल्ला समितिको सूचना पाटीमा टाँस गर्नुपर्ने,
- सार्वजनिक विवरणका सम्बन्धमा कुनै उजुरी भए ७ दिन भित्र जिल्ला समितिमा लिखित उजुरी दिनुपर्ने [४(३)],
- त्यस्ता परिवारका नाममा नेपाल राज्यभर कतै जग्गा दर्ता भए(नभएको सम्बन्धमा यकिन गर्न मालपोत कार्यालयमा पठाउनुपर्ने र कार्यालयले ७ दिन भित्र निज परिवारको नाममा जग्गा भए(नभएको विवरण पठाउनु पर्ने,
- भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई उपलब्ध गराउने जग्गाको विवरण तयार गरी स्वीकृत गराउनुपर्ने[४(६),(७)],
- उपलब्ध गराउने जग्गाको विवरण स्वीकृत भएको लिखित जानकारी आयोगलाई गराउनुपर्ने[४(८)],
- स्वीकृत भएको मितिले ७ दिन भित्र भूमिहिन दलित र भूमिहिन सुकुम्बासीका लागि उपलब्ध गराउने जग्गा दर्ता गराउनु पर्ने[५(१)],
- जग्गा दर्ताको निर्णय पछि नापी क्षेत्रीय किताव तयार गर्नुपर्ने[५(२)],
- जिल्ला समितिले जग्गा दर्ताको निर्णयको जानकारी आयोगमा पठाउनुपर्ने [५(३)],
- जग्गा दर्ता भएका भूमिहिन दलित र भूमिहिन सुकुम्बासीलाई जग्गा दर्ताका लागि १५ दिन भित्र उपस्थित हुन निर्धारित ढाँचामा सूचना प्रकाशित गर्नुपर्ने [५(४)],
- जिल्ला समितिले तोकेको कर्मचारी मार्फत नाप नक्साको निस्साको पिठमा जग्गाको विवरण जनाई फिर्ता दिनुपर्ने [५(५)],
- तयार भएका श्रेस्ता र पुर्जा तयार गर्नेले हस्ताक्षर गरी रूजू गरी जिल्ला समितिको निर्णय बमोजिम जग्गाधनी दर्ता श्रेस्ता तथा जग्गाधनी प्रमाण पूर्जा जिल्ला समितिका अध्यक्ष र सदस्य सचिवले प्रमाणित गरी सम्बन्धित मालपोत कार्यालयमा बुझाउनुपर्ने [५(६)],
- मालपोत कार्यालयमा प्राप्त श्रेस्ता अद्यावधिक गरिएको व्यहोरा जनाई मालपोत अधिकृतले दस्तखत गरी लागू गर्नुपर्ने [५(७)],

नेपाल सरकार
राष्ट्रिय भूमि आयोग
जिल्ला समिति रामेछाप
२०७८

अव्यवस्थित वसोबासीको लागि

- जिल्ला समितिले जग्गा उपलब्ध गराउन प्रस्ताव गरिएको जग्गाको दस्तुर निर्धारण सम्बन्धी नियमहरू, २०२१ को नियम ४१(च) बमोजिम गर्नुपर्ने [दफा ६],
- तयार गरिएको विवरण जिल्ला समितिले निर्णय गरी निर्धारित ढाँचामा सार्वजनिक गर्नुपर्ने [७(१)],
- उक्त विवरण जिल्ला समितिले १५ दिनको म्याद दिई स्थानीय दैनिक पत्रिकामा प्रकाशन गरी आफ्नो सूचना पाटीमा समेत टाँस गर्नुपर्ने सो सूचना जिल्ला समितिले सम्बन्धित स्थानीय तहमा जानकारीका लागि पठाउनुपर्ने [७(२)],
- स्थानीय तहले सूचना प्राप्त हुनासाथ सरोकारबालाहरूको जानकारीको लागि आफ्नो सूचना पाटीमा टाँस गरी जानकारी गराउनुपर्ने [७(२)],
- विवरणमा चित्त नबुझेमा विवरण सार्वजनिक भएको मितिले १५ दिन भित्र सम्बन्धित स्थानीय तह मार्फत जिल्ला समितिमा निवेदन दिनुपर्ने [७(३)],
- जिल्ला समितिले जाँचबुझ गरी त्यस्तो निवेदन २१ दिन भित्र फछ्र्यौट गरी कुनै त्रुटी देखिए त्यस्तो त्रुटी सच्याउनुपर्ने [७(४),(५)],
- प्रकाशित सूचनामा निवेदन नपरेको हकमा म्याद समाप्त भएपछि र निवेदन परेको हकमा कार्यसम्पन्न गरी जिल्ला समितिले जग्गा दर्ता गर्नुपर्ने [८(१)],
- जग्गा दर्ता भएको निर्णयको जानकारी आयोगलाई पठाउनुपर्ने [८(२)],
- जग्गा दर्ताको समयपछि जिल्ला समितिले जग्गा दर्ता गर्न आउने सम्बन्धी सूचना निर्धारित ढाँचामा प्रकाशन गर्नुपर्ने [९(१)],
- विवरण सार्वजनिक भएको जानकारी सम्बन्धित जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समितिको कार्यालय, मालपोत कार्यालय, नापी कार्यालय, डिबिजन वन कार्यालय र स्थानीय तहलाई समेत दिनुपर्ने [९(२)],
- जग्गा दर्ताको निर्णय पछि जिल्ला समितिले जग्गा प्राप्त गर्नेको विवरण उल्लेख गरी निर्धारित ढाँचामा नापी क्षेत्रीय किताव तयार गर्नुपर्ने [९(३)],
- दर्ता गर्न आउने अव्यवस्थित बसोबासीले निर्धारण गरिएको दस्तुर असुल गरेको प्रमाण समेत संलग्न गराई नापी क्षेत्रीय कितावमा जग्गा धनीको सहिछाप गरी जग्गा दर्ता गर्नुपर्ने [९(३)],
- निवेदन दर्ता तथा नाप नक्सा निस्साको पिठमा जग्गा रहेको स्थानीय तहको नाम सहितको जग्गाको विवरण खुलाई जिल्ला समितिले तोकेको कर्मचारीले प्रमाणित गरी जग्गा धनीलाई फिर्ता दिनुपर्ने [९(४)],
- दर्ता भईसकेका जग्गाहरूको जग्गाधनी दर्ता श्रेस्ता र जग्गा धनी प्रमाण पुर्जा जिल्ला समितिले तयार गर्नुपर्ने [१०(१)],
- तयार भएका श्रेस्ता र पूर्जा तयार गर्ने र रूजु गर्नेले हस्ताक्षर गरी प्रमाणित गर्नका लागि अध्यक्ष र सदस्य सचिव समक्ष पेश गर्नुपर्ने [१०(२)],
- प्रमाणित गरिएका जग्गा धनी प्रमाण पूर्जा जिल्ला समितिले सम्बन्धित जग्गा धनीलाई उपलब्ध गराउनु पर्ने,
- जिल्ला समितिबाट तयार गरिएका नक्सा, फिल्डबुक, प्लटबुक जिल्ला समितिको अध्यक्ष र सदस्य सचिवले प्रमाणित गरी सम्बन्धित नापी कार्यालय र सो सँग सम्बन्धित जग्गा धनी दर्ता श्रेस्ता, मिसिल तथा निर्णय पुस्तिका सम्बन्धित मालपोत कार्यालयमा पठाउनु पर्ने [११(१)],

राष्ट्रिय भूमि आयोग जिल्ला समिति, मन्थली रामेछाप
सम्पर्क नं. ०४८-५९००५८
ईमेल : bhumiaayog.ramechhap@gmail.com